मिति : २०७९ असार ६ गते

समय : बिहान १० बजे

नगर कार्यपलिका बैंठकको प्रस्तावहरु :

१. आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

२. आर्थिक विधेयक, २०७९ स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

३. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको बजेट तथा कार्यक्रम स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

४. स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

५. विश्व समावेशी साहसी संस्थाबाट पेश भएको कार्यक्रम संचालनको पूर्व सहमति सम्बन्धमा ।

६. बाटो रेखालु राख्ने सम्बन्धमा ।

७. नगरस्तरीय अपाङ्गता परिचयत्र वितरण समितिमा सदस्य मनोनयन सम्बन्धमा ।

८. नगरस्तरीय बाल अधिकार समितिमा सदस्य मनोनयन सम्बन्धमा ।

९. बालमैत्री स्थानीय शासन अवलम्बन गर्नको लागि प्रतिबद्धता व्यक्त गर्ने सम्बन्धमा ।

१०. दररेट समिति निर्धारण सम्बन्धमा ।

११. एम्बुलेन्स संचालन सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं १ :** बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम आजको यस कार्यपालिका वैठकमा छलफल गरियो। उक्त समितिबाट सिफारिस भई आएको अनुसूची–१ मा उल्लिखित नीति तथा कार्यक्रम स्वीकृतिको लागि नगर सभाको बाह्रौं अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं २ :** स्थानीय राजस्व परामर्श समिति तथा विधायन समितिबाट सिफारिस भई आएको आर्थिक वर्ष २०७९/०८० को अनुसूची – २ मा उल्लिखित आर्थिक विधेयक स्वीकृतिको लागि नगर सभाको बाह्रौं अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं ३ :** श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तय भएको बजेट सीमाको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी दिग्दर्शन तथा मार्गदर्शनको आधारमा वडागत, विषयगत समिति मार्फत नगर कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई समितिबाट आवश्यक छलफल तथा संशोधन सहित पेश भएको अनुसूची – ३ मा उल्लिखित बजेट तथा कार्यक्रम स्वीकृतीको लागि नगर सभाको बाह्रौं अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं ४ :** स्थानीय समितिको मिति २०७९ साल असार २ गतेको बैंठकबाट भएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपशिल :

क. मनसुनजन्य विपदको पूर्व तयारीको सम्बन्धमा देहाय बमोजिमको निर्णय स्वीकृतिको लागि नगर स्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिबाट सिफारिस भई आएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो।

तपशिल :

१. गत आ.व. मा जडान गरिएको पूर्व सूचना प्रणालीको अवस्था परीक्षण गरी सुचारु गर्नको लागि सुरक्षा निकायलाई सहजीकरण गरी दिन अनुरोध गर्ने र मर्मत संभार गर्नुपर्ने भएमा विपद् व्यवस्थापन कोषबाट मर्मत संभार वापतको खर्च गर्ने निर्णय गरियो।

२. नगरपालिकाबाट संचालन तथा व्यवस्थापन हुने गरी निर्माण भएको आपत्कालीन सेवा केन्द्रमा बोलपत्रको माध्यमबाट प्राप्त भएको विपद् प्रतिकार्य सामाग्रीहरुको व्यवस्थापन गरिएको र त्यसको व्यवस्थापनको लागि नेपाली सेनाको तर्फबाट ज.म. तिलक ओलीलाई (९८५१२७२८०६) जिम्मा दिने निर्णय गरियो।

३. वडास्तरीय विपद् व्यवस्थापन समिति अविलम्ब गठन गर्न वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

४. तत्कालै पर्न सक्ने विपद् तथा जोखिम न्यूनीकरणको लागि वडा कार्यालयहरुलाई न्यूनतम ५० हजार रुपैया बराबरको विपद् व्यवस्थापन सामाग्री आगामी आर्थिक बर्षको वडाको बजेटबाट व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

५. आसन्न मनसुनबाट हुन सक्ने सम्भावित विपदको जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापनको लागि वातावरण तथा विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएको, "मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९" लाई स्वीकृत गर्ने निर्णय गरियो ।

६. विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको बैंठक बस्ने अवस्था नभई तत्कालै विपद् तथा जोखिम न्यूनीकरणको कार्य गर्नुपर्ने भएमा देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो । साथै देहाय बमोजिमको कार्यदलबाट निर्णय भई आएका कार्यहरु सम्बन्धी तत् पश्चात बस्ने विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको बैंठकबाट अनुमोदन गर्ने गराउने निर्णय गरियो ।

**<u>तपशिल</u>**

संयोजक : श्री आइतमान तामाङ- नगर प्रमुख

सदस्य : श्री उमा प्रधाननगर उप प्रमुख -

सदस्य : श्री अमृत कुमार धिताल

सदस्य : श्री चन्द्र बहादुर तामाङ

सदस्य सचिव : ई श्री जित बहादुर कार्की

७. बाढी, पहिरो लगायत विपदबाट क्षति भएको तथा तत्कालै निर्माण तथा मर्मत गर्नुपर्ने खानेपानी, सिंचाईको लागि पाइप आवश्यक भएमा कार्यदलको सिफारिसमा खानेपानी तथा सिंचाइको पाईप उपलब्ध गराउने निर्णय गरियो । उपयुक्त कार्य गर्नको लागि प्राविधिक लागत अनुमानको आधारमा विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

ख. नगरपालिका भित्रका देहाय बमोजिमका सडकहरु वर्षातको समयमा पनि संचालन योग्य बनाउँनको लागि निर्णय नं ४ (६) को कार्यदलबाट सिफारिस तथा आवश्यकता अनुसार अनुगमन गरी तत्कालै अवरोध तथा जोखिम न्यूनीकरण गर्ने कार्य गर्ने र उक्त वापतको खर्च रकम विपद् व्यवस्थापन कोषबाट बेहोर्ने निर्णय गरियो ।

**<u>तपशिल :</u>**

१. छाप भन्ज्याङ फट्केश्वर सडक
२. बाहुनेपाटी काउलेदोभान भोटेचौर सडक
३. बाहुनेपाटी खाल्डे सडक
४. मेलम्ची तालामाराङ सडक
५. भोटेचौर महभिर गिरान्चौर सिन्धुखोला सडक
६. सबै वडा कार्यालय जोड्ने मुल सडक

ग. मेलम्ची तथा इन्द्रावती नदीमा बाढीको जोखिम न्यूनीकरणको लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट कार्यान्वयनको चरणमा रहेको कार्यको अनुगमन गर्ने तथा प्राविधिक लागत अनुमानको साथै नगरपालिकालाई प्राप्त प्रतिवेदन अनुरुप कार्य गर्न गराउन आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

घ. मिति २०७९ साल जेष्ठ २५ गते मेलम्ची नगरपालिका वडा नम्बर ४ स्थित गंगा तामाङको घरमा आगलागी भई घर पूर्ण रुपमा क्षति भएको हुँदा उक्त आगलागीबाट प्रभावित पीडितलाई "आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७८ " बमोजिम आवास पुननिर्माणका लागि पुनर्निर्माणको लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

ङ. स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको अघिल्लो बैंठक पश्चात हालसम्म नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट विपद् कोष संचालन कार्यविधि बमोजिम भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | चैते माझी, फट्टिकनाथ पौडेल र अक्कल बहादुर माझी | ३३०००.०० | |
| २ | साजन पुरी | २००००.०० | |
| ३ | राजेश श्रेष्ठ | २००००.०० | |
| ४ | कृष्ण गिरी | ४००००.०० | |
| ५ | यशोदा घोरासैनी र उषादेवी सार्की | २००००.०० | |
| ६ | कृष्ण बहादुर दनुवार | ४००००.०० | |
| ७ | हरी बहादुर थापा मगर | ४००००.०० | |
| ८ | कृष्णमाया तामाङ र मेने तामाङ | २००००.०० | |
| ९ | देवेन्द्र कटुवाल | २५२०४.०० | |
| १० | वेदलाल पाध्य | ४००००.०० | |
| ११ | रेविजबाट मृत्यू भएको लासको सदगज तथा गाडी भाडा | १५०००.०० | |
| १२ | गोरे कामी | १००००.०० | |
| १३ | आपतकालीन सेवा केन्द्र भवन मर्मत | २८६०४९.०० | |
| १४ | माधव प्रसाद ढकाल | ६९५४७.०० | |
| १५ | संजय सार्की | १५०००.०० | |
| १६ | युवराज लामा र अंकित नेपाली | २००००.०० | |
| १७ | सुकुलाल स्याङ्बो र रमादेवी ढकाल | ३००००.०० | |

| | | | |
|---|---|---|---|
| १८ | विजय दोङ | १००००.०० | |
| १९ | विनोद प्रसाद लामिछाने | ३००००.०० | |
| २० | बुद्ध तामाङ | १००००.०० | |
| २१ | संचमान तामाङ | ४००००.०० | |
| २२ | गंगा तामाङ | ४००००.०० | |
| २३ | ललित खड्का | ३५००.०० | |
| २४ | विना कुमारी थापामगर | ५०००.०० | |
| २५ | टंक बहादुर नेपाली | ७०००.०० | |
| २६ | लोचन प्रसाद ढुंगाना | ७०००.०० | |
| २७ | गणेश गिरि | १००००.०० | |
| २८ | सुनिता श्रेष्ठ | ५०००.०० | |
| २९ | मानव अधिकार एलायन्स | १५०००.०० | |
| ३० | राम्जी श्रेष्ठ | १००००.०० | |
| ३१ | कृष्ण कुमारी नेपाली | २००००.०० | |
| ३२ | दान बहादुर नेवार | १००००.०० | |
| ३३ | शान्ती कुमारी लामिछाने | ५०००.०० | |
| ३४ | गोमा खतिवडा | १५०००.०० | |

**च.** मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ असार १ गते र त्यसपछि आएको बाढीबाट मेलम्ची नगरपालिका वडा नं. ९ र १० , पाँचपोखरी थाङपाल गाउँपालिका तथा ईन्द्रावती गाउँपालिकामा यातायात सुचारु गर्नको लागि ईन्द्रावती नदीमा अस्थायी ह्यूमपाइप हालिएकोमा मनसुनको कारण उक्त ह्यूमपाइप निकालिएको हुँदा मेलम्ची नगरपालिका वडा नं. ९ र १० , पाँचपोखरी थाङपाल गाउँपालिका तथा ईन्द्रावती गाउँपालिका जानको लागि एक मात्र बिकल्पको रुपमा रहेको बाहुनेपाटी–शिखरपुर सडक खण्ड रहेको र उक्त सडक खण्ड मर्मत गर्नुपर्ने भएको हुँदा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम बाहुनेपाटी देखि मेलम्ची दोभानसम्मको खण्डमा नदी किनाराबाट बाटो संचालन गर्नुपर्ने भएको हुँदा उक्त सडक मर्मत प्रयोजनको लागि मात्र नदीजन्य पदार्थ (ढुङ्गा गिटी र बालुवा ) उत्खनन् गरी यातायात सुचारु गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकमा उत्खनन् अनुमति माग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५ :</u>** विश्व समावेशी साहसी संस्थाबाट पेश भएको कार्यक्रम संचालनको लागि पूर्व स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** यस वर्षको मनसुन तथा वर्षाको कारणबाट मेलम्ची नगरपालिका भित्रका मुख्य सडकहरु बिग्रिएर यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा उक्त सडकहरु मर्मत संभार तथा सरसफाई गरी संचालनका लागि सम्बन्धित वडाको सिफारिसको आधारमा प्रति वडा २ (दुई) जनाको दरले मिति २०७९ असार १५ गते देखि २०७९ असोज मसान्तसम्मका लागि मेलम्ची नगरपालिकाको मर्मत संभार कोषबाट प्रति व्यक्ति मासिक रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) खर्च भुक्तानी हुने गरी ज्यालादारीमा बाटो हेरालु राख्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** मेलम्ची नगरपालिकाको नगरस्तरीय अपाङ्गता परिचयपत्र वितरण समितिमा देहाय बमोजिमका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सदस्यको नाम, थर | ठेगाना |
|---|---|---|
| १ | श्री अमृत खनाल (का.पा. सदस्य ) | मेलम्ची न.पा. १० |
| २ | श्री सितामाया तामाङ (का.पा. सदस्य ) | मेलम्ची न.पा. १३ |

**निर्णय नं ८ :** मेलम्ची नगरपालिकाको नगरस्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सदस्यको नाम, थर | ठेगाना |
|---|---|---|
| १ | श्री कृष्ण सुवेदी | मेलम्ची न.पा. ७ |
| २ | श्री देव कुमारी चौलागाईं (महिला वडा सदस्य ) | मेलम्ची न.पा. १ |
| ३ | श्री हरिशरण थापा (वडा सदस्य ) | मेलम्ची न.पा. ९ |

**निर्णय नं ९ :** मेलम्ची नगरपालिकामा बालमैत्री स्थानीय शासन अवलम्बन गर्नको लागि तपशिल बमोजिमका कार्य गर्न प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

तपसिल

१. विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ ।

२. स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ ।

३. बस पार्क, सिनेमाहल, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ ।

४. आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम ) प्राप्त गरेका हुनेछन् ।

५. कुलतमा लागेका बालबालिकाहरुको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाइनेछ ।

६. स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिकाको संरक्षण गर्ने विशेष व्यवस्था गरेको हुनेछ ।

**निर्णय नं १०:** मेलम्ची नगरपालिका भित्रको निर्माण कार्यको लागि स्थानीय दररेट निर्धारण गर्न देहाय बमोजिमको दररेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री चन्द्र बहादुर तामाङ, वडा अध्यक्ष, वडा नं. ११ – संयोजक

२. श्री अमृत खनाल, वडा अध्यक्ष, वडा नं. १० – सदस्य

३. श्री गणेश बहादुर तामाङ, वडा अध्यक्ष, वडा नं. १२ – सदस्य

४. श्री प्रेम बहादुर तामाङ , वडा अध्यक्ष, वडा नं. ६ – सदस्य

५. श्री पासाङ तामाङ , वडा अध्यक्ष, वडा नं. ७ – सदस्य

६. श्री कृष्ण मुरारी चौलागाईं ,वडा अध्यक्ष, वडा नं. १ – सदस्य

७. श्री जित बहादुर कार्की, ईन्जिनियर, मेलम्ची न.पा. – सदस्य सचिव

**निर्णय नं ११:** मेलम्ची खानेपानी अन्तर्गतको ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिको आर्थिक सहयोग तथा नगरपालिकाबाट राजश्व छुटमा खरिद गरिएको २ (दुई) थान एम्बुलेन्स नेपाल सरकारद्धारा जारी भएको कार्यविधि बमोजिम **ख** बर्गको एम्बुलेन्समा मेडिकल औजार तथा उपकरणहरुको व्यवस्थापन र मापदण्ड अनुसार एम्बुलेन्सको रङरोगन तथा डेन्टपेन्ट वापत नगरप्रमुखस्तरको निर्णयबाट भएको खर्च रकम रु ९,३०,५९२।- अनुमोदन गर्ने निर्णय गरियो ।